# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा विस्तृत मुद्राप्रदाय ५.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्राप्रदाय ९.१ प्रतिशतले बढेको थियो । संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ४.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.० प्रतिशतले बढेको छ। अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा आन्तरिक सम्पत्तिमा वृद्धि देखिएतापनि खुद वैदेशिक सम्पत्तिमा उल्लेख्य ह्रास आएकोले मौद्रिक योगाङ्कहरू कम दरले बढेका हुन ।

२. संकुचित मुद्राप्रदायको अंशमध्ये चलनचल्तीमा रहेको मुद्रा समीक्षा अवधिमा ६.८ प्रतिशतले बढी रू. १३४ अर्ब ३६ करोडमा पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा १०.३ प्रतिशतले बढेको थियो । माग निक्षेप भने अघिल्लो वर्ष ५.५ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ३.७ प्रतिशतले घटेको छ। निजी क्षेत्रतर्फको कर्जा वृद्धि उच्च रहेकोले माग निक्षेप अघिल्लो वर्षको यसै अवधिको भन्दा समीक्षा अवधिमा कम दरले घटेको हो । आवधिक निक्षेप अघिल्लो वर्ष ११ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.१ प्रतिशतले बढेको छ ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मुल्याङ्कन नाफा नोक्सान समायोजित) रू. १९ अर्ब ६० करोड (८.९ प्रतिशत ) ले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. २२ अर्ब ७७ करोड (१३.३ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा मुख्यतः उच्च आयातका कारण चालू खाता घाटा उच्च दरले बढी खुद बैदेशिक सम्पत्ति घटेको हो ।

### सञ्चित मुद्रा

४. समीक्षा अवधिमा सञ्चित मुद्रा २.९ प्रतिशत (रू. ५ अर्ब ६६ करोड) ले घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा ८.६ प्रतिशत (रू. १२ अर्ब ४१ करोड) ले बढेको थियो। समीक्षा अवधिमा मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्ति उल्लेख्य रुपमा रू. १४ अर्ब ९९ करोडले घटेकोले सञ्चित मुद्रा घटेको हो ।

### कुल आन्तरिक कर्जा

५. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा आन्तरिक कर्जा ९.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कर्जा ६.५ प्रतिशतले बढेको थियो । वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा तथा लगानी उच्च दरले बढेकोले आन्तरिक कर्जामा विस्तार आएको हो । समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी

१३.३ प्रतिशत (रू. ५७ अर्ब ८२ करोड) ले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रमाथिको दावी १०.१ प्रतिशत (रू. ३४ अर्ब २४ करोड) ले बढेको थियो।

६. समीक्षा अवधिमा नेपाल सरकारमाथिको दावी रू. ८ अर्ब ५८ करोड (८.२ प्रतिशत) ले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी रू. ६ अर्ब ८३ करोड (७.८ प्रतिशत) ले घटेको थियो। समीक्षा अवधिमा खर्चको तुलनामा साधन परिचालनको विस्तार उच्च रहेकोले नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष भन्दा बढी दरले घटेको हो। २०६६ मंसिर मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रू. ३५ करोड ३३ लाख नगद बचत कायम रहेको छ। २०६६ असार मसान्तमा नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको अधिविकर्ष रु. ८ अर्ब ८४ करोड रहेको थियो।

७. समीक्षा अवधिमा गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी १२.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको दावी ३०.६ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा वाणिज्य बैंकहरूको पेन्सन फण्ड तथा विमा कम्पनीतर्फको लगानीमा कमी आएकोले गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी कम दरले बढेको हो।

८. अघिल्लो वर्ष गैर-वित्तीय सरकारी संस्थाहरुमाथिको दावी ६.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.१ प्रतिशतले घटेको छ। उक्त संस्थाहरूमध्ये नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल खाद्य संस्थान, जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल वायु सेवा निगम र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले बैकिङ्ग क्षेत्रबाट लिएको कर्जाको केही अंश भुक्तान गरेकोले उक्त क्षेत्रमाथिको दावी घटेको हो।

## वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

९. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू. २५ अर्ब १० करोड (४.६ प्रतिशत) ले बढी २०६६ मंसिर मसान्तमा रू. ५७४ अर्ब ९२ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा कुल निक्षेप परिचालन रू. ३४ अर्ब ६५ करोड (८.२ प्रतिशत) ले बढेको थियो। त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको कर्जा तथा लगानी ११.३ प्रतिशत (रू. ५८ अर्ब ४७ करोड) ले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त कर्जा तथा लगानी ७.७ प्रतिशत (रू. ३२ अर्ब २३ करोड) ले बढेको थियो।

१०. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १३.४ प्रतिशत (रू. ५४ अर्ब ३८ करोड) ले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त कर्जा १०.२ प्रतिशत (रू. ३१ अर्ब ४३ करोड) ले बढेको थियो। समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जा ८.२ प्रतिशत (रू. ७ अर्ब २३ करोड) ले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ७.४ प्रतिशत (रू. ५ अर्ब ५४ करोड) ले बढेको थियो। उत्पादनमूलक क्षेत्रमध्ये चिनी र स्टिल तथा फलामजन्य वस्तुहरूतर्फको कर्जा प्रवाह उच्च दरले बढेको छ।

११. समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापार र वित्त, विमा तथा स्थिर सम्पत्तितर्फको कर्जा क्रमश: १९.६ प्रतिशत (रू. १३ अर्ब ४६ करोड) र ३३.३ प्रतिशत (रू. १२ अर्ब ९४ करोड) ले बढेको छ। अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा २.४ प्रतिशत (रू. १ अर्ब ३१ करोड) र २२.५ प्रतिशत (रू. ५ अर्ब ६० करोड) ले बढेको थियो। त्यसैगरी, सेवा क्षेत्रतर्फको कर्जा अघिल्लो वर्ष ९.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १४.० प्रतिशतले बढेको छ। रियल स्टेटतर्फको कर्जा वृद्धिदरमा कमी आएको भएपनि कर्जाको परिमाण भने अघिल्लो

वर्षको तुलनामा केही उच्च रहेको छ । अघिल्लो वर्षको पहिलो पाँच महिनासम्ममा उक्त क्षेत्रतर्फको कर्जा रू. ६ अर्ब २१ करोडले बढेकोमा समीक्षा अवधिमा रू ८ अर्बले बढेको छ । समीक्षा अवधिमा उपभोग्य क्षेत्रतर्फको कर्जा रू. ४ अर्ब ९५ करोड (३३.७ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ५६ करोडले बढेको थियो ।

### वाणिज्य बैंकहरूको तरलताको स्थिति

१२. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको तरल सम्पत्ति उच्च दरले घटेको छ । अघिल्लो वर्षको पहिलो पाँच महिनासम्ममा उक्त सम्पत्ति २.६ प्रतिशतले बढी २०६५ मंसिर मसान्तमा रू १५५ अर्ब ३ करोड रहेको थियो । समीक्षा अवधिमा यस्तो तरल सम्पत्तिमा ११.१ प्रतिशतले कमी आई २०६६ मंसिर मसान्तमा रू १६७ अर्ब १२ करोड रहेको छ । तरल सम्पत्तिका अंशहरूमध्ये तरल कोष समीक्षा अवधिमा १७.५ प्रतिशतले घटेको छ । वाणिज्य बैंकहरूको नेपाल राष्ट्र बैंक तथा विदेशमा रहेको मौज्दातमा कमी आएकोले तरल कोष घटेको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको विदेशी मौज्दात १५.३ प्रतिशतले घटी रू. ४५ अर्ब २३ करोड हुन आएको छ भने सरकारी ऋणपत्रमाथिको लगानी ०.९ प्रतिशतले घटेको छ । निक्षेप परिचालनको तुलानामा कर्जा तथा लगानीको विस्तार उच्च रहेकोले निक्षेप परिचालन तथा कर्जा प्रवाहको अन्तरलाई पुरा गर्ने माध्यमको रूपमा वाणिज्य बैंकहरूले विदेशी मौज्दात उपयोग गरेकोले उक्त मौज्दातमा कमी आएको हो । उच्च कर्जा विस्तार र न्यून निक्षेप परिचालनका कारणले कर्जा-निक्षेप अनुपात २०६६ असार मसान्तको ८१.२ प्रतिशतबाट बढेर मंसिर मसान्तमा ८८ प्रतिशत पुगेको छ भने तरलता-निक्षेप अनुपात ३४.२ प्रतिशतबाट घटी २९.१ प्रतिशत कायम भएको छ ।

### तरलता व्यवस्थापन

१३. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा खुला बजार कारोवारअन्तर्गत बिक्री बोलकबोलमार्फत् रू. ७ अर्ब ४४ करोड र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १ अर्ब गरी कुल रू. ८ अर्ब ४४ करोड बराबरको तरलता प्रशोचन भएको छ । त्यसैगरी, रिपो बोलकबोलमार्फत् रू. १६ अर्बको तरलता प्रवाह भई रू. ७ अर्ब ५६ करोडको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको यसै अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू. ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू. ९ अर्ब २ करोड गरी रू १६ अर्ब ४८ करोडको खुद तरलता प्रशोचन भएको थियो ।

१४. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ४४ करोड ३५ लाख खुद खरिद गरी रू. ३३ अर्ब ७६ करोड बराबरको तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ७८ करोड ९१ लाख खुद खरिद भई रू. ५९ अर्ब ६९ करोड बराबरको तरलता प्रवाह भएको थियो ।

१५. समीक्षा अवधिमा अमेरिकी डलर ८७ करोड बिक्री गरी भा. रू. ४१ अर्ब ५० करोड खरिद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ६३ करोड बिक्री गरी भा.रू. २९ अर्ब ४८ करोड खरिद भएको थियो । भारतसंगको व्यापार घाटामा उच्च वृद्धि भएकोले समीक्षा अवधिमा भा.रु खरिद बढेको हो । विदेशी मुद्राको खरिद तथा बिक्रीमार्फत अघिल्लो वर्षको पहिलो पाँच महिनामा रू. १२ अर्ब ५३ करोड बराबरको खुद तरलता प्रवाह

भएकोमा समीक्षा अवधिमा उक्त मुद्राको खरिद-बिक्रीमार्फत रू. ३२ अर्ब ६४ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ ।

### अन्तर बैंक कारोवार तथा स्थायी तरलता सुविधाको उपयोग

१६. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू. ११८ अर्ब ९३ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू. १२६ अर्ब ८० करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा रू. ४५ अर्ब ४६ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सुविधा अन्तर्गत वाणिज्य बैंकहरूले कुल रू. ३५ अर्ब ५३ करोड उपयोग गरेका थिए ।

### व्याजदर

१७. ९१- दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर अघिल्लो वर्षको यसै अवधिको ४.७२ प्रतिशतको तुलनामा आर्थिक वर्ष २०६६/६७ को पाँचौ महिनामा ६.३५ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको पाँचौं महिनामा भारित औसत अन्तर-बैंक व्याजदर २.३८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ९.९३ प्रतिशत कायम भएको छ ।

१८. समीक्षा अवधिमा तरल सम्पत्ति संकुचनको प्रभाव अल्पकालीन व्याजदरको अतिरिक्त निक्षेप तथा कर्जाको व्याजदरमा पनि परेको छ । १-वर्षे तथा २-वर्षे र सो भन्दामाथिको मुद्दति निक्षेपको अधिकतम व्याजदर २०६६ कात्तिक महिनाको तुलनामा मंसिर महिनामा १ प्रतिशत विन्दुले बढी क्रमशः १० प्रतिशत र १०.५ प्रतिशतमा पुगेको छ । त्यस्तै, निर्यात कर्जा तथा अधिविकर्षको अधिकतम व्याजदर पनि २०६६ कात्तिक महिनाको तुलनामा मंसिर महिनामा क्रमशः ५.५ प्रतिशत र ३.५ प्रतिशत विन्दुले बढी १८ प्रतिशतमा पुगेको छ ।

## धितोपत्र बजार

१९. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्कमा २५.३ प्रतिशतले कमी आई २०६६ मंसिर मसान्तमा ५४८.६१ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६५ मंसिर मसान्तमा ७३४.८५ थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६६ मंसिर मसान्तमा १३५.८९ रहेको छ । यो सूचकाङ्क २०६५ मंसिर मसान्तमा १९१.१७ रहेको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवार मूल्यलाई आधार बजार मूल्यको रुपमा लिई गणना गरिएको NEPSE Float Index २०६६ मंसिर मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा २४.३ प्रतिशतले कमी आई ५२.५४ पुगेको छ ।

२०. २०६६ मंसिर मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा २.९ प्रतिशतले बृद्धि भई रु.४ खर्ब १ अर्ब ५५ करोड पुगेको छ । परिणामस्वरुप २०६६ मंसिर मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३७.१ प्रतिशत पुगेको छ । २०६५ मंसिर मसान्तमा यस्तो अनुपात ४०.७ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७३.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.९ प्रतिशत, होटलहरुको १.२ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ४.१ प्रतिशत र अन्यको १८.९ प्रतिशत अंश रही विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुको नै सबैभन्दा ठूलो हिस्सा रही रहेको छ ।

२१. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ४५.७ प्रतिशत रही २०६६ मंसिर मसान्तमा रु.६७ अर्ब ९२ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको मंसिर मसान्तसम्ममा रु.३ अर्व २३ करोड १५ लाख बरावरको साधारण शेयर, रु.७७ करोड ९५ लाख बरावरको बोनस शेयर, रु. ३ अर्व ३५ करोड ७१ लाख बराबरको हकप्रद शेयर र ५ अर्ब ७५ करोड बरावरको सरकारी ऋणपत्र गरी कूल रु.१३ अर्ब ११ करोड ८१ लाख बराबरको थप धितोपत्र सूचीकृत भएको छ ।

२२. २०६६ मंसिर मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसंगको अनुपात (Turnover Ratio) ०.५९ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६५ मंसिर मसान्तमा ०.४८ प्रतिशत रहेको थियो ।

२३. २०६६ मंसिर मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरुको संख्या १६५ रहेको छ । २०६५ मंसिर मसान्तमा यो संख्या १४५ रहेको थियो । सूचीकृत कम्पनीहरुमध्ये १३३ वटा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२४. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नको लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६५ मंसिर मसान्तमा ११६.९ रहेकोमा २०६६ मंसिर मसान्तमा ५७.१ पुगेको छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

२५. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ११.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यसै अवधिमा यस्तो मुद्रास्फीति १४.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १७.८ प्रतिशतको उच्च दरले वृद्धि भएता पनि गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ३.७ प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा कम रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १७.२ प्रतिशत र १०.८ प्रतिशत रहेको थियो ।

२६. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तु समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ५६.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा ३५.९ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा तरकारी तथा फलफूल, दलहन, मरमसला र माछा, मासु तथा फुलको मूल्य सूचकाङ्क क्रमशः ३९.३ प्रतिशत, ३४.६ प्रतिशत, २८.४ प्रतिशत र २१.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यी उपसमूहहरुको सूचकाङ्क क्रमशः ३.४ प्रतिशत, २५.७ प्रतिशत, १०.१ प्रतिशत र २१.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको यसै अवधिमा १८.० प्रतिशतले वृद्धि भएको खाद्यान्न उपसमूहको सूचकाङ्क भने यस अवधिमा ९.९ प्रतिशतले मात्र वृद्धि भएको छ ।

२७. यसैगरी, समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सूर्ती तथा सूर्तीजन्य वस्तुको सूचकाङ्कमा वार्षिक विन्दुगत मूल्यवृद्धि ११.६ प्रतिशत रहको छ । अघिल्लो

वर्षको सोही अवधिमा यस्तो वृद्धि १५.१ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको यसै अवधिमा २१.७ प्रतिशतले वृद्धि भएको यातायात तथा सञ्चार उपसमूहको मूल्य सूचकाङ्कमा भने ७.८ प्रतिशतले ह्रास आएको छ ।

२८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी तराईमा १२.३ प्रतिशतले, पहाडमा ११.८ प्रतिशतले र काठमाडौंमा ९.३ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः १३.१ प्रतिशत, १३.६ प्रतिशत र १६.२ प्रतिशत रहेको थियो ।

२९. समीक्षा अवधिमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ११.८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति १३.१ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

३०. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १८.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यसको वृद्धिदर १०.१ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमश. ३८.७ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्यमा क्रमश. ६.१ प्रतिशत र १२.३ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी अघिल्लो वर्षको यसै अवधिमा १४.९ प्रतिशतले वृद्धि भएको आयातीत वस्तुहरुको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ३.१ प्रतिशतले ह्रास आएको छ ।

३१. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेवालीको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क सबैभन्दा बढी ११४.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकांकमा २८.० प्रतिशतले ह्रास आएको थियो । यसैगरी, समीक्षा अवधिमा मरमसला, पशुजन्य उत्पादन र तरकारी तथा फलफूलको वार्षिक विन्दुगत मूल्यवृद्धि क्रमशः ५४.९ प्रतिशत, ३४.५ प्रतिशत र ३२.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १.८ प्रतिशत, २६.५ प्रतिशत  र ५.७ प्रतिशतले वृद्धि भएको थियो ।

३२. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सूर्ती सम्बन्धी वस्तुहरुको मूल्य १३.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धि ११.२ प्रतिशत रहेको थियो । साथै आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा रासायनिक मल तथा रासायनिक सामाग्रीको मूल्य सूचकाङ्कमा ११.९ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्कमा ८.३ प्रतिशतले वृद्धि भएको थियो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३३. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १७.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क १४.६ प्रतिशतले बढेको थियो । २०६६ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो । तलब तथा ज्यालादरमध्ये तलब सूचकाङ्क समीक्षा अवधिमा १८.० प्रतिशतले वृद्धि भएको छ । यस्तो सूचकाङ्कमा अघिल्लो वर्षको यसै अवधिमा १२.६ प्रतिशतले वृद्धि भएको थियो । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १७.३ प्रतिशतले बढेको

छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १५.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २०.० प्रतिशत, १४.१ प्रतिशत र १२.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो सूचकाङ्क क्रमशः २२.७ प्रतिशत, ४.७ प्रतिशत र १५.१ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### बजेट घाटा/बचत

३४. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु ७ अर्ब २८ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु.२ अर्ब १७ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा कुल सरकारी खर्चको तुलनामा राजस्वको बृद्धिदर उच्च रहेको कारण अघिल्लो वर्षको तुलनामा सरकारको बजेट बचतमा वृद्धि आएको हो ।

### सरकारी खर्च

३५. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ३०.३ प्रतिशतले वृद्धि भई रु.६३ अर्व १३ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्चमा २.५ प्रतिशतले वृद्धि भएको थियो । चालू तथा पूँजीगत दुवै खर्चमा अघिल्लो वर्ष यसै अवधिको तुलनामा वृद्धि भएकोले समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो ।

३६. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च ४१.० प्रतिशतले बढी रु.४५ अर्व ६० करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा चालू खर्च ४.५ प्रतिशतले बृद्धि भएको थियो । सरकारी कर्मचारी एवं शिक्षकहरुको तलबभत्ता वृद्धि लगायतका कारणले समीक्षा अवधिमा चालू खर्चमा विस्तार आएको हो । त्यस्तै, पूँजीगत खर्चतर्फ समीक्षा अवधिमा अघिल्लो वर्ष यसै अवधिको तुलनामा १३.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष सोही अवधिमा पूँजीगत खर्च ३४.३ प्रतिशतले घटेको थियो ।

३७. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा साँवा भुक्तानी खर्चमा ३७.५ प्रतिशतले कमी आई रु.३ अर्व ९५ करोडमा झरेको छ । अघिल्लो बर्ष सोही अवधिमा साँवा भुक्तानी खर्च २.८ प्रतिशतले कमी आएको थियो ।

### सरकारी राजस्व

३८. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ३६.१ प्रतिशतले वृद्धि भई रु.५८ अर्व ६० करोड पुगेको छ । अघिल्लो वर्ष यसै अवधिमा राजस्व ३३.१ प्रतिशतले बढेको थियो । आयात वृद्धि, कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको सुधारका कारण राजस्व परिचालनमा वृद्धि देखिएको हो ।

३९. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा ४२.५ प्रतिशतले वृद्धि आई रू. २० अर्ब २० करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा सो वृद्धिदर १७.१ प्रतिशत रहेको थियो ।

४०. समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व ४८.१ प्रतिशतले वृद्धि भई रू. १३ अर्ब २४ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व १३.७ प्रतिशतले

मात्र वृद्धि भएको थियो । भन्सार प्रशासनमा गरिएका सुधारहरु र उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाको आयातमा वृद्धिका कारण भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

४१. समीक्षा अवधिमा अन्तःशुल्क राजस्वमा ६४.२ प्रतिशतको उल्लेख्य वृद्धि भई रू. ८ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त राजस्व ३४.१ प्रतिशतले मात्र वृद्धि भएको थियो । अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

४२. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ४१.५ प्रतिशतले वृद्धि भई रू. ६ अर्ब ४७ करोड पुगेको छ । अघिल्लो वर्ष सो राजस्व २३.९ प्रतिशतले मात्र वृद्धि भएको थियो । आयकर प्रशासनमा गरिएका सुधारहरु लगायत अर्थतन्त्रको संस्थागत संस्कृतिमा सुधार आएकोले समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदर उच्च रहेको हो ।

४३. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ८.८ प्रतिशतले कमी आई रु.६ अर्व ११ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो राजस्व १२५.२ प्रतिशतले बढेको थियो ।

### वैदेशिक नगद ऋण र अनुदान

४४. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋण वापत् रु.१ अर्व ८० करोड र वैदेशिक नगद अनुदान वापत् रु. ९ अर्व ७४ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा कमशः रु. २ अर्व ६ करोड र रु.५ अर्व ६९ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

४५. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा कुल निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १८.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात २८.३ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष ६.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १२.३ प्रतिशतले घटेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ७७.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २७.४ प्रतिशतले ह्रास आएको छ ।

४६. भारततर्फ मुख्यतयाः तयारी पोशाक, जिंक सिट, मार्वल स्ल्याब, धागो तथा दालको निर्यात तथा अन्य मुलुकतर्फ विशेषगरी दाल, ऊनी गलैंचा, तयारी पोशाक, गरगहना, तथा छालाजन्य वस्तुको निर्यातमा ह्रास आएको कारण कुल निर्यात घट्न गएको हो ।

४७. अघिल्लो वर्षको पहिलो पाँच महिनासम्ममा ३४.९ प्रतिशतले वृद्धि भएको कुल आयात आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा ३२.८ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको १८.५ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३१.६ प्रतिशतले बढेको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ६१.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३४.३ प्रतिशतले वृद्धि भएको छ ।

४८. भारतबाट मुख्यतयाः एम.एस. विलेट, सवारी साधन तथा पार्टपुर्जा, एम. एस. वायर तथा रड, विद्युतीय उपकरण र अन्य मेशिनरी तथा पार्टपुर्जा एवं अन्य मुलुकबाट विशेषगरी सुन, सञ्चार उपकरण तथा पार्टपुर्जा, हवाइ जहाजका पार्टपुर्जा, कम्प्युटर तथा पार्टपुर्जा र

औषधि उपकरणको आयातमा वृद्धि भएको कारण समीक्षा अवधिमा कुल आयात बढेको हो ।

### शोधनान्तर

४९. आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. १९ अर्ब ६० करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु. २२ अर्ब ७७ करोडले शोधनान्तर बचतमा रहेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनासम्ममा चालू खाता पनि रु. १९ अर्ब ६४ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने चालू खाता रु. १० अर्ब ७४ करोडले बचतमा रहेको थियो । खासगरी वस्तु व्यापार घाटा ५२.८ प्रतिशतले बढेको कारण चालू खाता घाटामा रहन गएको हो । त्यस्तै, समीक्षा अवधिमा ट्रान्सफरअन्तर्गत अनुदान २५.७ प्रतिशतले घटेको छ भने विप्रेषण आप्रवाह अघिल्लो वर्षको ६५.८ प्रतिशतको उल्लेखनीय वृद्धिको तुलनामा १०.४ प्रतिशतले मात्र बढेको छ ।

### विदेशी विनिमय सञ्चिति

५०. २०६६ मार्ग मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६६ असार मसान्तको तुलनामा १२.२ प्रतिशतले घटी रु. २४५ अर्ब ९४ करोडमा सीमित रहेको छ । २०६५ मार्ग मसान्तमा यस्तो सञ्चिति १०.८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने २०६६ असारदेखि मार्ग मसान्तसम्ममा कुल सञ्चिति ७.९ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्ब ३० करोडमा सीमित रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १.८ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो पाँच महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.२ महिनाको वस्तु आयात र ७.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

५१. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६५ मार्ग मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४४.५१ रहेकोमा २०६६ मार्ग मसान्तमा ६०.५ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ७१.४३ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६५ मार्ग मसान्तको तुलनामा २०६६ मार्ग मसान्तमा ३५.८ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ८२६.०० बाट अमेरिकी डलर ११२२.०० पुगेको छ ।

५२. २०६६ असार मसान्तको तुलनामा २०६६ मार्ग मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.८५ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ११.३८ प्रतिशतले अवमूल्यन भएको थियो । २०६६ मार्ग मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७४.४४ पुगेको छ । २०६६ असार मसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो ।